को दफा १ को उप–दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनहरूका प्रारम्भ हुन बाँकी सबै दफाहरू जनकपुर, कर्णाली र महाकाली अञ्चलहरूमा मिति २०३४।११।२।२ देखि प्रारम्भ हुने गरी तोकेको छ।

साथै गाउँ पञ्चायत (सातौं संशोधन) अध्यादेश, २०३४ को दफा १ को उप–दफा (२), नगर पञ्चायत (छैठौं संशोधन) अध्यादेश, २०३४ को दफा १ को उप–दफा (२), जिल्ला पञ्चायत (सातौं संशोधन) अध्यादेश, २०३४ को दफा १ को उप–दफा (२) र स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (तेस्रो संशोधन) अध्यादेश, २०३४ को दफा १ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त अध्यादेशहरू जनकपुर, कर्णाली र महाकाली अञ्चलहरूमा मिति २०३४।११।२।२ देखि प्रारम्भ हुने गरी तोकेको छ।

आज्ञाले–
सहायक रथी वीरेन्द्रप्रसाद शाह
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका जिल्लाहरूमा नगर पञ्चायत भएको स्थानमा नगर पञ्चायतका प्रधान अधिकृत वा वडा समितिका सचिवलाई र गाउँ पञ्चायतहरूका हकमा गाउँ पञ्चायत सचिवहरूलाई स्थानीय पंजिकाधिकारी (रजिष्ट्रार) तोकेको छ।

१. झापा
२. मोरङ
३. सप्तरी
४. महोत्तरी
५. सर्लाही
६. रौतहट
७. काठमाडौं
८. कपिलवस्तु
९. बाँके
१०. कञ्चनपुर

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
658